नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय
## नुवाकोट

फोन नं ०१०-५६००३३
५६०३३३
फ्याक्स ०१-५६०३३३
ईमेल:nuwakotcdo@gmail.com

पत्र संख्या:- ०७६/०७७
चलानी नम्बर:

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय नुवाकोट

मितिः २०७७।०४।२०

**स्वास्थ्य तथा सुरक्षाका मापदण्ड पालना गर्नेसम्बन्धी जरुरी सूचना ।**

नोवल कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारबाट लागू गरिएको बन्दाबन्दीको आदेश अन्त्य भए पश्चात नेपाल सरकारबाट जारी जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन नगर्दा संक्रमणको जोखिम वृद्धि भएको छ । कोभिड-१९ को संक्रमणबाट आफू बच्न र अरुलाई बचाउनका लागि अनिवार्य रुपमा मास्क लगाएर मात्रै हिडडुल गर्न, न्यूनतम सामाजिक दुरी कायम गर्न तथा यस सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी स्वास्थ्यसम्बन्धी मापदण्ड तथा गृह मन्त्रालयबाट जारी सुरक्षासम्बन्धी मापदण्ड पालना गर्न/गराउन सम्बन्धित सबैलाई अनुरोध गरिन्छ ।यो सूचनाको बेवास्ता गरी मास्क नलगाउने, अनावश्यक भीडभाड गर्ने तथा तोकिएका मापदण्डहरुको पालना नगर्ने व्यक्तिहरुलाई तत्काल नियन्त्रणमा लिई संक्रामक रोग ऐन २०२० बमोजिम कारवाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

२०७७/०४/२०

(बद्रीनाथ गैह्रे)
सहायक प्रमुख जिल्ला अधिकारी